annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २६६ पृष्ठ ८| काठमाडौं, बिहीबार १७ माघ २०८१ | मार्ग शुक्लपक्ष ... डौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी



हिउँ नपरेर कालो पहाडमा बदलिएको माछापुच्छ्रे हिमाल।
● कृष्णमणि बराल

## हिमशृंखलामा जलवायु असर
# हिमालमै हरायो हिउँ, पानीको स्रोतमा संकट

हिमाल हाम्रा पवित्र सम्पदा हुन्, हाम्रो दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका छन्। तर, जलवायु परिवर्तनका कारण हिमालमा हिउँ पर्न छोडेको छ। कालापत्थर र नांगा देखिन थालेका छन्। जसकारण, जलाधार क्षेत्रको जीवनयापन संकटमा पर्न थालेको छ। पानीको स्रोत सुक्दै जाँदा जलविद्युत्, सिँचाइ र पिउने पानीकै अभाव देखिन थालेको छ। ठूला विकसित र औद्योगिक देशका कारण हाम्रा हिमाल संकटमा पर्न थालेका हुन्। त्यसैले त्यस्ता देशबाट क्षतिपूर्ति भराएर हिमाल र यससँग जोडिएको जनजीवनको सुरक्षातर्फ सरकारको ध्यान जानुपर्ने जरुरी छ।

सुनिता कार्की | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

# अमेरिका छोड्नुपर्ने नेपालीको संख्या १,३६५

**अनिल अधिकारी** | *अमेरिका*

अमेरिकामा ट्रम्प प्रशासनले कागजपत्रविहीन आप्रवासीलाई पक्राउ गर्ने अभियान तीव्र पार्न निर्देशन दिएको छ। जसअनुसार इमिग्रेसन एन्ड कष्टुम इन्फोर्समेन्ट (आइस) लाई दैनिक १ हजार ५ सयसम्म पक्राउ गरी निर्वासन अभियान तीव्र पार्न निर्देशन दिइएको हो।

अमेरिकाको अदालतबाट देश निकालाको आदेश पाएका १४ लाख ४५ हजार ५ सय ४९ जनालाई आइसले पक्राउ अभियान सुरु गरेको हो। जसअनुसार न्युयोर्क, टेक्सस लगायतका राज्यबाट दैनिक ठूलो संख्यामा आप्रवासी पक्राउ परिरहेका छन्।

पक्राउ पर्नेहरू अमेरिकाको अदालतबाट डिपोर्टेसन अर्थात् देश निकालाको आदेश पाएकाहरू तथा आपराधिक क्रियाकलापमा दोषी ठहरिएकाहरू हुन्। अन्नपूर्ण पोस्ट्ले हिजोको अंकमा अमेरिकामा रहेका सबै आप्रवासी आतिनु नपर्नेबारे समाचार प्रकाशित गरिसकेको छ।

हाल ट्रम्प प्रशासनले अमेरिकामा कागजी प्रक्रियामा नगएका, अदालतबाट देश निकालाको आदेश पाएकाहरूलाई धरपकड गरेको छ। अमेरिकामा ग्रिन कार्डको प्रक्रिया थालनी गरेका आप्रवासीहरूको हकमा धरपकड हुँदैन। उनीहरू आतिनुपर्ने र डराउनुपर्ने छैन। आइसले धरपकडका क्रममा सोधपुछ भने गर्न सक्दछ।

अन्नपूर्ण पोस्ट्ले न्युयोर्कका केही कानुन व्यवसायीहरूसँग गरेको कुराकानीअनुसार अहिले आइसले कागजपत्रविहीनहरूलाई देश निकालाको कार्य तीव्र पारेका कारण आफूसँग भएको यथेष्ठ प्रमाण बाकेर हिँड्न सुझाव दिएका छन्। सोधपुछ तीव्र भएकाले आफूसँग भएको ग्रिन कार्ड, वर्क परमिट, भिसा या उपलब्ध परिचयपत्र बोकेर हिँड्नुपर्ने कानुन व्यवसायीहरूको सुझाव छ। हाल अमेरिकामा अदालतबाट देश निकालाको आदेश पाएका नेपालीहरूको संख्या निकै न्यून रहेको तथ्यांकले देखाउँछ। तथ्यांकअनुसार १ हजार ३ सय ६५ जना नेपालीहरूले अदालतबाट देश छोड्नुपर्ने आदेश पाएका छन्। स्रोतका अनुसार तीमध्ये केहीले अदालतको आदेशपछि ग्रिन कार्डका लागि अन्य प्रयासहरूसमेत गरेको हुन सक्ने बताइन्छ।

यदि नेपालको टीपीएस नवीकरण नभएमा त्यो संख्या करिब ३ हजार पुग्न सक्छ। हाल करिब १५ जना नेपालीहरू टीपीएस स्टाट्समा छन। सुरुवातमा करिब ८/९ हजार नेपाली टीपीएसमा रहेको भए पनि यो बीचमा उनीहरूले बिभिन्न माध्यबाट ग्रिन कार्डको प्रक्रियामा गएको र केही स्वत: नेपाल फर्किएको तथ्यांकले देखाउँछ।

» बाँकी पृष्ठ ६

**देश निकालाको आदेश पाएका**

| | |
|---|---|
| नेपाल | १,३६५ |
| भारत | १७,०४० |
| चीन | ३७,००० |
| मेक्सिको | २,५२,००० |
| एल साल्भाडोर | २,०३,००० |
| ग्वाटेमाला | २,५३,००० |
| होन्डुरस | २,६१,००० |

# युवा उद्यमीलाई प्रोत्साहन गर्दै कांग्रेस

## 'स्टार्टअपका लागि लगानीको सहज वातावरण र एकद्वार प्रणाली आवश्यक'

**राधा खनाल** | *काठमाडौं*



नेपाली कांग्रेस पार्टी कार्यालयमा एसएमई सम्मेलनका क्रममा राखिएका विभिन्न स्टलहरू। ● अशोक दुलाल

युवा बेरोजगारीको संख्या दिन प्रतिदिन बढ्दो छ। त्यसैकारण सुखद् र सुरक्षित भविष्यको खोजिमा दैनिक हजारौं युवा बिदेसिन्छन्। स्वदेशमै रहेका युवामा पनि देशमा 'केही हुँदैन' भन्दै निराशा व्याप्त छ। तर, सत्तासीन दलहरू भने युवाको समस्याभन्दा 'सत्ता र शक्ति' को खेलमा मात्रै तल्लिन छन् भन्ने आरोप लाग्ने गरेको छ। त्यसैकारण सत्तासीन कांग्रेसले साना र मझौला उद्यम गरिरहेका युवालाई 'प्रोत्साहन' गर्न सम्मेलन गरेको छ।

आत्मनिर्भर र स्वदेशमै रोजगारी सिर्जना गर्न चाहने युवालाई बाटो देखाइदिने उद्देश्यले दुई दिने नेपाल स्टार्टअप र साना-मझौला व्यवसाय सम्मेलन गरिएको कांग्रेसको भनाइ छ। पार्टी कार्यालय सानेपा परिसरमा सुरु भएको सम्मेलनको बुधबार पार्टी सभापति शेरबहादुर देउवाले उद्घाटन गरे। 'गाउँगाउँमा स्थानीय उद्यमशीलताको विकास गर्दै आत्मनिर्भरता र रोजगारी सिर्जना गर्न चाहने युवाका लागि बाटो देखाइदिने उद्देश्यले सम्मेलन गरिएको हो,' देउवाले भने, 'यसले एउटा सिँढी थप्न सहयोग पुग्ने छ।'

मुलुकको अर्थतन्त्र उत्पादनभन्दा व्यापारमुखी बन्दै गएको देउवाले बताए।, 'आज हाम्रो मुलुकको राष्ट्रिय आय अपेक्षित रूपमा वृद्धि हुन नसक्नुमा एकातिर स्वदेशी तथा विदेशी लगानीको सहज वातावरण बन्न नसक्नु र अर्कोतिर विश्व बजारसँग हाम्रो निजी क्षेत्रले सहज प्रतिस्पर्धा गर्न असहज महसुस गरेको हो कि भन्ने देखिन्छ,' देउवाले भने, 'त्यसैले हाम्रो अर्थतन्त्र उत्पादनभन्दा व्यापारमुखी बन्दै गएको छ।' पछिल्लो समय स्टार्ट अप व्यवसायतर्फ आकर्षण बढ्दो रहेको उल्लेख गर्दै भने, 'यस्ता उद्यम सञ्चालन गर्न सहुलियतपूर्ण ऋण, तालिम, सीप विकास र विशेष अनुदान पनि आवश्यक पर्छ। व्यवसायमा टिक्नका लागि उद्यमीले धैर्यता सँगै निरन्तरता दिनुपर्ने भएकाले सरकारको साथ, समर्थन र संरक्षकत्व अपरिहार्य हुन्छ। थोरै लगानीमै स्टार्टअप व्यवसायलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने हो भने रोजगारीमा क्रान्ति ल्याउन पनि सकिन्छ।'

नेपालको स्थानीय उत्पादन वृद्धि गर्दै आयात प्रतिस्थापन गर्ने र वैदेशिक व्यापार घाटा न्यून गर्दै लैजाने उद्देश्यले आफूहरूले साना तथा मझौला उद्यम व्यवसाय प्रबर्द्धन गर्ने नीति लिएको सभापति देउवाले बताए। उनले भने, 'युवा उद्यमीलाई आकर्षण गर्न, उनीहरूको व्यवसाय प्रबर्द्धन गर्न र साना तथा मझौला उद्योगी व्यापारी व्यवसायीहरूको समस्या बुझी पार्टीलाई सुझाव दिन 'उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभाग' गठन गरेका हौं। उद्यमी, व्यापारी, व्यवसायीहरूले भोग्नु परेका कानुनी तथा प्रक्रियागत झन्झटहरू अन्त्य गर्दै व्यवसायमा सहजीकरण गर्न हालसालै सरकारले कानुन ल्याएको छ। यो कानुनले यस क्षेत्रको सुधारमा अवश्य पनि सहयोग पुग्ने विश्वास लिएको छु।'

मुलुकको समुन्नतिका लागि राज्यको ध्यान पुग्नुपर्ने अर्को विषय सूचना प्रविधि भएको उनले बताए। राजनीतिक स्थिरतासँगै प्राकृतिक स्रोत, मानव संसाधन, पुँजी र प्रविधिको सन्तुलित र समन्वयात्मक विकास हुनुपर्ने उनले जिकिर गरे। देउवाले अगाडि भने, 'गाउँ तहदेखि उद्यमको विकास हुँदै जाँदा साना लगानीले पनि रोजगारी र आत्मनिर्भरतामा सहयोग पुग्नेछ।' उनले भने, 'त्यसमाथि पछिल्लो समय स्टार्टअपमा आकर्षण बढ्दो छ, युवा पुस्ताले थौरै लगानीमा पनि सिर्जनात्मक ढंगले काम गर्ने प्रयास गर्दै छन्।'

सभापति देउवाले उद्यमीहरूले भोग्नुपरेको कानुनी र प्रक्रियागत झन्झट हटाउन सरकारले हालै अध्यादेशमार्फत कानुनमा सुधार गरेको पनि बताए। पार्टी कार्यालयमा जम्मा भएका उद्योगी व्यवसायीहरूले भने कानुनी जटिलता हटाएर एकद्वार प्रणाली लागू गरे मात्र लगानीको सहज वातावरण बन्ने बताएका छन्।

» बाँकी पृष्ठ ६




**बिहीबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)**

| | | |
|---|---|---|
| धनगढी | २४° | ९° |
| जुम्ला | १४° | -३° |
| पोखरा | २२° | ८° |
| भैरहवा | २४° | १३° |
| काठमाडौं | २१° | ७° |
| जनकपुर | २३° | ११° |
| विराटनगर | २३° | १२° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

**महाकुम्भ मेलाको भागदौडमा मृत्यु हुनेको संख्या ३० पुग्यो**

» समाचार पृष्ठ ३



